बैठक सङ्ख्या : १५

आज मिति २०८० साल जेठ महिनाको ३० र ३१ गते दिनको १:०० बजे यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको १५ औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

**तपसिल :**

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| भुपेन्द्रा बुढा | कार्यपालिका उपाध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| जस बहादुर श्रीपाली | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुर बहादुर वि क | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| शंखे सेन | ६ नं. वडा अध्यक्ष |
| चित्र बहादुर बुढा | ७ नं. वडा अध्यक्ष |
| पूर्ण मल्ल शाही | ८ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| लयन बुढा | ११ नं. का वा वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| शिविसन श्रीपाली | १३ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा मगर | १४ नं. वडा अध्यक्ष |
| ग्वारी बुढा मगर | कार्यपालिका सदस्य |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| भारसी बुढा | कार्यपालिका सदस्य |
| मल्ति पुन | कार्यपालिका सदस्य |
| राज कुमार सुनार | कार्यपालिका सदस्य |
| जानु छन्तेल | कार्यपालिका सदस्य |
| समिर गिरी | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| इन्द्रजीत गामी | पूर्वाधार शाखा प्रमुख |
| राम प्रसाद खड्का | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख |

| | |
|---|---|
| विजय बाँठा मगर | लेखा शाखा प्रमुख |
| भीम प्रकाश के सी | पशु सेवा शाखा प्रमुख |
| ओम प्रकाश ओली | योजना शाखा प्रमुख |
| हरि चन्द्र वि क | कम्प्युटर अपरेटर |

**१५ औं गाउँ कार्यपालिका बैठकका एजेण्डाहरु :**

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।
२. आगामी आ.व.२०८०।०८१ को नीति कार्यक्रम तथा बजेटतर्जुमा सम्बन्धमा।
३. विषयगत शाखाले पेश गरेको बजेट सिलिङ सम्बन्धमा।
४. वडाको बजेट सिलिङ निर्धारण सम्बन्धमा।
५. ठेक्का गरिएका योजनाहरूको म्याद थप सम्बन्धमा।
६. उत्तरगङ्गा सानीभेरी लघु जलविद्युत आयोजनाबारे छलफल सम्बन्धमा।
७. विविध सम्बन्धमा।
   ७.१ भूम्या पर्वको अवसरमा स्थानीय बिदा दिने सम्बन्धमा।

**निर्णयहरु:-**

**निर्णय नं. १:-**प्रस्ताव नं. १ मा छलफल गर्दा मिति २०८० साल जेठ ११ गते सम्पन्न १४ औं गाउँ कार्यपालिकाको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन विभिन्न कानुनहरुको अधिनमा रहि प्रभावकारी ढंगले कार्यान्वयन गर्नेगरी समीक्षा गरियो।

**निर्णय नं. २:-**प्रस्ताव नं. २ मा छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिकाको आगामी आर्थिक वर्षको वार्षिक नीति कार्यक्रम एवम् बजेट तर्जुमाका लागि १६ औं गाउँसभा तपसिल बमोजिम सञ्चालन गर्ने।

**तपसिल :**

| | |
|---|---|
| असार ४ गते | वडा कार्यालयहरूले अन्तिम योजना तर्जुमाहरू पेश गरिसक्ने |
| असार ५ गते | विषयगत समितिहरूले सङ्घ संस्थासँग सम्बन्धित विषयका योजनाबारे छलफल गरी अन्तिम मस्यौदा कार्यपालिकामा पेश गर्ने। |
| असार ६ गते | कार्यपालिका बैठकमार्फत नीति कार्यक्रम तथा योजनाबारे छलफल गर्ने। |
| असार ७ गते | वार्षिक नीति तथा कार्यक्रम १६ औं गाउँसभामा पेश गर्ने। |
| असार ८ गते | गाउँसभामा सल्लाह सुझाव सङ्कलन एवम् नीति कार्यक्रमबारे छलफल र अनुमोदन। |
| असार ९ गते | गाउँसभाबाट वार्षिक नीति कार्यक्रम एवम् बजेट सभामा प्रस्तुत गरी अनुमोदन गर्ने। |

**निर्णय नं. ३:-** प्रस्ताव नं. ३ मा छलफल गर्दा आगामी आर्थक वर्षमा विषयगत शाखाबाट प्राप्त बजेट सिलिङ माथि विस्तृत छलफल भई उक्त कार्यक्रम तथा योजनाहरूको अन्तिम मस्यौदाका लागि सम्बन्धित विषयगत समितिहरुले अर्को कार्यपालिकामा पेश गर्ने निर्णय गरियो।

**निर्णय नं. ४:-** प्रस्ताव नं. ४ मा छलफल गर्दा आगामी आर्थिक वर्ष यस गाउँपालिकाअन्तर्गतका वडाहरूले तपसिल अनुसारको बजेट सिलिङको आधारमा योजना छनोट गरी आगामी कार्यपालिकामा पेश गर्ने।

**तपसिलः**

| वडा नं. | बजेट सिलिङ | कैफियत |
|---|---|---|
| १ | २५,००,०००.०० | |
| २ | २०,००,०००.०० | |
| ३ | २०,००,०००.०० | |
| ४ | २०,००,०००.०० | |
| ५ | २५,००,०००.०० | |
| ६ | २०,००,०००.०० | |
| ७ | २०,००,०००.०० | |
| ८ | २५,००,०००.०० | |
| ९ | २०,००,०००.०० | |
| १० | २५,००,०००.०० | |
| ११ | २०,००,०००.०० | |
| १२ | २५,००,०००.०० | |
| १३ | २०,००,०००.०० | |
| १४ | २५,००,०००.०० | |
| कुल जम्मा | ३,१०,००,०००.०० | |

**निर्णय नं. ५:-**प्रस्ताव नं. ५ मा छलफल गर्दा यस पुथा उत्तरगङ्गा गाउँपालिका अन्तरगत चालु आ.व. मा ठेक्का सम्झौता भई सञ्चालनमा रहेका आयोजनाहरुको म्याद मिति २०८०।०३।०१ गते सकिने हुदाँ उक्त आयोजनाहरुको ठेक्काको म्याद मिति २०८०।०३।१५ गते सम्म थप गर्ने र यथाशीघ्र आयोजना सम्पन्न गर्नका लागि ताकेता गर्ने निर्णय गरियो।

**निर्णय नं. ६ :-** यस पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ११ मा निर्माणाधीन अवस्थामा रहेको उत्तरगङ्गा सानोभेरी साना जलविद्युत परियोजनाबारे विस्तृत छलफलका लागि सम्बन्धित निकायहरूसँग समन्वय गर्ने।

**निर्णय नं.७ : विविध :**

७.१. मगर समुदायहरूको महान चाड "भूम्या" पर्वको अवसरमा गाउँपालिकाको कार्यालय, गाउँपालिकास्थित विभिन्न वडा कार्यालयहरू र मातहतका सरकारी कार्यालयबाट प्रदान हुने अत्यावश्यक सेवा बाहेकका सबै सेवाहरू स्थगित हुनेगरि सम्वत् २०८० साल असार १ र २ गते स्थानीय बिदा दिने।

एवम् प्रकारले आगामी कार्यपालिका बस्ने गरी आजको बैठकको समापन गरियो।